# नेपाल राष्ट्र बैंक

## वित्तीय जानकारी इकाई

# goAML System मा आवद्ध हुने सम्वन्धी सूचना ! ! !

२०८२/०२/०७

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७(ध) र १०ञ (क) अनुसार सूचक संस्थाहरुले यस इकाईमा पेश गर्नुपर्ने शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन तथा सीमा कारोबार विवरण (STR/SAR/TTR) हरुलाई इकाईमा सञ्चालनमा रहेको goAML System (Production Environment) मा आवद्ध भई सोही System बाट रिपोर्टिङ्ग गर्ने व्यवस्था रहेको छ । सो सम्बन्धमा यस इकाईका साथै सम्बन्धित नियामकले विभिन्न मितिमा सुचना प्रकाशित तथा आवश्यक निर्देशन जारी गरेकोमा हालसम्म पनि सबै सूचक संस्था goAML System (Production Environment) मा आबद्ध भईनसकेको पाइएकोले सूचक संस्थाहरुले यथाशीघ्र goAML System (Production Environment) मा रजिष्टर्ड भई STR/SAR/TTR को रिपोर्टिङ्ग Web/XML माध्यमबाट गर्नुहुन यो सूचना पुनः प्रकाशित गरिएको छ ।

यस सम्बन्धमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) को उद्देश्य ३ को बुँदा नं. ३.१.४ मा "*जोखिम मूल्याङ्कन, पारस्परिक मूल्याङ्कन र वस्तुगत परिस्थितिका आधारमा उच्च जोखिम देखिएका क्षेत्रका सूचक संस्थालाई अनिवार्य रुपमा* goAML *को दायरामा ल्याउन प्राथमिकताका आधारमा वेबसाइटमा अग्रिम सूचना प्रकाशन गरी जानकारी गराउने ।*" व्यवस्था रहेको जानकारी गराउँदै, राष्ट्रिय *जोखिम मूल्याङ्कन २०२०, नेपालको पारस्परिक मूल्याङ्कन २०२३* अनुसार उच्च जोखिम देखिएका क्षेत्रहरु जस्तै गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायीहरु (DNFBPs) विशेषत (सुनचाँदी व्यवसायी, क्यासिनो, घरजग्गा व्यवसायी, लेखा व्यवसायी लगायत अन्य संस्थाहरू) साथै सहकारी, मुद्रा सटही, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालक, निवृत्तिभरण कोष लगायत अन्य संस्थाहरू यसअघि goAML system को Production Environment मा आबद्ध नभएको भए यथाशीघ्र आबद्ध हुन अनुरोध छ । साथै सम्बन्धित नियामकले आ-आफ्नो नियमन/सुपरिवेक्षण क्षेत्रभित्र पर्ने सूचक संस्थालाई goAML system को Production Environment मा यथाशीघ्र रजिष्टर्ड गराई उपरोक्त संस्थाहरुलाई Web/ XML मार्फत सीमा कारोबार विवरण (Threshold Transaction Report-TTR), शंकास्पद कारोबार

प्रतिवेदन (Suspicious Transaction Report –STR) र शंकास्पद गतिविधि प्रतिवेदन (Suspicious Activity Report –SAR) पेश गराउने कार्यमा आवश्यक सहयोग गरिदिनहुन अनुरोध छ ।

<u>थप जानकारीका लागि</u>

**इमेल: goaml@nrb.org.np**
**फोन:** ०१-५७१९६५२ (एक्सटेन्शन: २४१८)
**वेबसाईट:** www.nrb.org.np/departments/fiu
goAML **वेबसाईट:** https://goaml.fiu.nrb.org.np/PRD/Home